# रजब महिनामा गरिने केही बिदअतहरू

## بدع شهر رجب

< नेपाली >

लेखकः
अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की

عتيق الرحمن محمد إدريس خان مكي

संशोधनः
मुहम्मद इदरीस सलफी

محمد إدريس سلفي

بسم الله الرحمن الرحيم

सर्वाधिकार लेखकमा सुरक्षित छ ।

प्रथम प्रकाशन साल    सन् २०१५ ई. सं.
निःशुल्क वितरणको लागि मात्र

**पुस्तक पाइने ठेगाना -:**

*इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७- ९८१४४९९१४०
सउदी नं. ००९६६५०१३७२२५४
*इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज
सउदी अरबीया

# प्रस्तावना

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले यस संसारलाई उत्पन्न गऱ्यो, र यसमा बसोबास गर्नुको लागि नानाथरीका प्राणीहरूलाई अविष्कृत गऱ्यो, र जसले हाम्रो हृदयलाई आफ्नो सत्मार्गतर्फ लगाइदियो, र आफ्नो श्रद्धा एवं प्रेम र आदरबाट परिपूर्ण गरिदयो । र म गवाही दिन्छु कि त्यस अल्लाह बाहेक कोही सत्य पूज्य छैन, त्यो एकलै छ, त्यसको कोही सहभागी छैन । र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका भक्त एवं सन्देष्टा र मित्र हुन् । तसर्थ अल्लाहको नगन्य शान्ति र दया अवतरित होस् मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि, र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि र ती सबैहरूमाथि जुन प्रलयसम्म उहाँको पद्धतिमा हिंड्ने छन् ।

प्रस्तुत पुस्तिकामा मैले रजब महिनामा गरिने केही अवैध र बिदअतका कार्यहरूतर्फ ध्यानाकर्षण गराएको छु, र सकेसम्म समस्त कुराहरूलाई कुरआन र हदीस एवं विद्हरूको कथनद्वारा प्रमाणीकरण पनि गरेको छु जसलेगर्दा समस्त सन्देहजनक कुराहरूको स्पष्टीकरण र निवारण भइहालोस् ।

मलाई आशा छ कि मेरो यो सानो लेखबाट जनसमुदायलाई लाभ पुग्नेछ र अल्लाह मेरो यस सानो प्रयासद्वारा हाम्रो समाजलाई अवैधानिक कार्यबाट पवित्र गर्नेछ। अल्लाहसित विन्ती छ कि अल्लाह मेरो यस प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन्, र मेरो स्वर्गीय आमा र बाजेलाई क्षमादान दिई स्वर्गमा उच्च स्थान प्रदान गरुन् । (आमीन)

**लेखक**

**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**
**तौलिहवा कपिलवस्तु (नेपाल)**
email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१४४९९१४०**
**सउदी मो. न. ००९६६५०१३७२२५४**

﴿ وَمَا كَانَ لِمُؤْمِنٍ وَلَا مُؤْمِنَةٍ إِذَا قَضَى ٱللَّهُ وَرَسُولُهُۥٓ أَمْرًا أَن يَكُونَ لَهُمُ ٱلْخِيَرَةُ مِنْ أَمْرِهِمْ ۗ وَمَن يَعْصِ ٱللَّهَ وَرَسُولَهُۥ فَقَدْ ضَلَّ ضَلَٰلًا مُّبِينًا ﴿٣٦﴾ ﴾ الأحزاب: ٣٦

अर्थ : र हेर कुनै मोमिन् पुरुष र मोमिन स्त्रीलाई जब अल्लाहले र उसका रसूलले कुनै कुराको फैसला निर्धारित गरिदिन्छन्, त उनीहरूको यस काममा अन्यथा केही हक बाँकी रहँदैन । जोसुकैले अल्लाह र उसको रसूलको अवज्ञा गर्नेछ, त्यो स्पष्टरूपले मार्ग विचलित भइहाल्यो ।( सूरतुल् अहजाब ३६ )

﴿ قُلْ إِن كُنتُمْ تُحِبُّونَ ٱللَّهَ فَٱتَّبِعُونِى يُحْبِبْكُمُ ٱللَّهُ وَيَغْفِرْ لَكُمْ ذُنُوبَكُمْ ۗ وَٱللَّهُ غَفُورٌ رَّحِيمٌ ﴿٣١﴾ قُلْ أَطِيعُوا۟ ٱللَّهَ وَٱلرَّسُولَ ۖ فَإِن تَوَلَّوْا۟ فَإِنَّ ٱللَّهَ لَا يُحِبُّ ٱلْكَٰفِرِينَ ﴿٣٢﴾ ﴾ آل عمران: ٣١ - ٣٢

अर्थ : (हे पैगम्बर ! मानिसहरूसित) भनिदिनुस् कि यदि तिमी अल्लाहलाई प्रेम गर्दछौ भने मेरो अनुशरण गर, अल्लाहले तिमीलाई प्रेम गर्नेछ र तिम्रा पापहरूलाई क्षमा गरिदिनेछ र अल्लाह अत्यन्त क्षमादान गर्ने दयालु छ । भनिदिनु ! कि अल्लाह र रसूलको आदेश पालना गर । यदि मान्दैनन् भने अल्लाहले पनि काफिरहरूलाई प्रेम गर्दैन । ( सूरतु आले इम्रान ३१, ३२ )

अल्लाहले जबदेखि यस संसारलाई बनाएको छ त्यसै समयदेखि नै केहीलाई केहीमाथि श्रेष्ठता र प्रधानता प्रदान गरेको छ । जस्तो कि अल्लाहको फर्मान छ :

﴿ ۞ تِلْكَ ٱلرُّسُلُ فَضَّلْنَا بَعْضَهُمْ عَلَىٰ بَعْضٍ ۘ مِّنْهُم مَّن كَلَّمَ ٱللَّهُ ۖ وَرَفَعَ بَعْضَهُمْ دَرَجَٰتٍ ۚ وَءَاتَيْنَا عِيسَى ٱبْنَ مَرْيَمَ ٱلْبَيِّنَٰتِ وَأَيَّدْنَٰهُ بِرُوحِ ٱلْقُدُسِ ۗ ﴾ البقرة: ٢٥٣

अर्थ : यी पैगम्बरहरू हुन् । तिनीहरूमध्ये हामीले केहीमाथि केहीलाई प्रधानता प्रदान गरेका छौं । केही यस्ता छन् जोसित अल्लाहले कुरा गऱ्यो र केहीका दर्जा उच्च बनायो र मरियमको पुत्र ईसालाई चमत्कारहरू प्रदान गऱ्यौं र रूहुल्कुद्सद्वारा (पवित्र आत्मा) उनलाई मद्दत पुऱ्यायौं । ( सूरतुल् बकर: २५३ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ ٱنظُرْ كَيْفَ فَضَّلْنَا بَعْضَهُمْ عَلَىٰ بَعْضٍ ۚ وَلَلْءَاخِرَةُ أَكْبَرُ دَرَجَٰتٍ وَأَكْبَرُ تَفْضِيلًا ﴿٢١﴾ ﴾ الإسراء: ٢١

अर्थ : हेर ! हामीले कसरी केहीलाई केहीमाथि प्रधानमा प्रदान गरेका छौं र आखिरत (अन्तिममा) त श्रेणीहरूमा धेरै उच्च छ र महत्वमा निकै बढि छ । ( सूरतुल् इस्रा २१ )

त समय दिन र रात्रीलाई पनि उस्तै प्रधानता प्राप्त छ जसरी मानिसहरूलाई प्राप्त छ, जसरी कि रमजान महिना सर्वोत्कृष्ट महिना हो, र जुम्आको दिन सर्वोत्कृष्ट दिन हो, र लैलतुल् कद्र सर्वोत्कृष्ट रात्री हो । तर हामी कसैलाई श्रेष्ठ र प्रधान तब मान्छौं जब त्यसमाथि कुनै प्रमाण होस् नत्र त्यसलाई श्रेष्ठ मान्दैनौं । र रजब महिनाको बारेमा जुन श्रेष्ठता वर्णन गरिन्छ त्यसमध्ये कुनै श्रेष्ठता कुरआन हदीसबाट प्रमाणित छैन एउटा बाहेक, र त्यो हो: कि यो महिना अल्लाहले हराम गरेको महिनाहरू मध्ये एक हो जसमा कुनै प्रकारको रक्तपात गरिदैन । त यस दृष्टिकोणले यो महिना मर्यादित महिना हो र अरु महिनाबाट प्रधान छ । तर यसमा जुन बिदअतहरू गरिन्छ यस कारण कि यसमा धेरै श्रेष्ठताहरू छन्, यो सबै अनर्गलका कुराहरू हुन् र यसको कुनै प्रमाण इस्लामीय विधानमा छैन जस्तोकि हाफिज इब्ने हज्रले भन्नु भएको छ कि : यसको श्रेष्ठतामा वर्णित समस्त प्रत्यक्ष हदीसहरू जईफ र मौजूअ् छन् जस मध्ये १५ हदीसलाई उहाँले वर्णन गर्नु भएको छ, र भन्छन्: कि जुन हदीसहरू यस सन्दर्भमा सही छन् ती यसको श्रेष्ठतामा प्रतयक्ष संकेत गर्दैनन् । त यसको श्रेष्ठताको भ्रममा परेर केही अनभिज्ञ मुसलमानहरू यस महिनामा नानाथरीका बिदअतहरू र अवैधानिक क्रियाकलापहरू गर्छन् जसको वर्णन म निम्नमा गर्दछु !

म यहाँ केही यस्ता बिदअतहरूलाई समावेश गरेको छु जसलाई विशेष रूपले रजब महिनामा गरिन्छ, र जसलाई डा. फैसल बिन जअ्फर बालीले, मुजल्लतुल् जुन्दीयुल् मुस्लिममा र इब्ने हज्रले फतहुल् बारीमा, र इबने रजबले लताइफुल मआरिफमा र शैख इब्ने बाज र इब्बे उसैमीन र सालेह फौजानले अआफ्ना फतावाहरूमा विस्तारले वर्णन गरेका छन्। तर म यहाँ संक्षेपमा वर्णन गर्ने प्रयास गरिरहेको छु यस आशाको साथ कि यसबाट हामी सबैलाई लाभ पुगोस्।

⇒ यस महिनामा अतीराको नामले बलि दिनु। यो बलि अनभिज्ञ कालमा पनि गरिन्थ्यो र वर्तमान युगमा पनि केही अनभिज्ञ मुसलमानहरू गर्दै आएका छन् जुनकि इस्लामीय दृष्टिमा हराम र अवैध छ जस्तोकि हदीसमा छ : " इस्लाममा कुनै अतीरह छैन "। ( अहमद, २/२२९ )

अर्थात इस्लाममा अतीरह नामक कुनै बलि र कुर्बनी छैन। बरु यो त्यो बलि हो जसलाई अनभिज्ञ कालमा मूर्तिपूजकहरू मूर्तिलाई अर्पण गर्दथे। ( फतहुल् बारी १/५१२ )

र इब्ने रजब भन्छन् : रजब महिनामा बलि गर्नु त्यसलाई ईद र पर्व मनाउने सरह हो। ( लताइफुल् मआरिफ पे. २२७ )

⇒ यो आस्था राख्नु कि रजब महिनाको २७ रात्री नै इस्रा र मेअ्राजको रात्री हो, र त्यस रात्रीमा ठूलो भोज गर्नु, वा भव्य समारोहको आयोजना गर्नु वा पूजा आराधनाको लागि विशेष गर्नु, वा तयस दिन व्रत बस्नु ... आदि यी सबै इस्लामीय विधानबाट प्रमाणित छैनन् बरु यसको विरुद्ध रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " जसले कुनै यस्तो कार्य गऱ्यो जसलाई गर्ने हामीले आदेश गरेका छैनौं त त्यो कार्य अस्वीकृत छ "। ( बुखारी मुस्लिम )

र वास्तवमा इस्रा र मेअ्राजको रात्री चाहिँ कुन रात्री हो यसको बारेमा कुनै ठोस् प्रमाण छैन नत कसैलाई सत्य ज्ञान नै छ बरु सही कथन अनुसार इस्रा मेअ्राज रबीउल् अव्वलको महिनामा घटित भएको हो। तसर्थ यस रजबको महिनाको २७ रात्रीमा जति पनि क्रियाकलापहरू गरिन्छ सबै निराधार छन् नत तयसलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले गरेका छन् नत उहाँका सहाबाहरूले नत ताबईन र तबअ् ताबईनहरूले। यसलेगर्दा यसखालका क्रियाकलापहरू बिदअतको समूहमा आउँछन्।

⇒ रजब महिनाको पहिलो जुम्आको रात्रीमा नमाजको आयोजना गर्नु जसलाई सलातुर्रगाइब भनिन्छ, र जसमा अनगिन्त बिदअतहरू गरिन्छ, र जसलाई एक हजार रकअत पढिन्छ, र त्यसमा नबी वली ... आदिसित याचना गरिन्छ, र सहायताको लागि पुकारिन्छ जुनकि मात्र अल्लाहको लागि विशिष्ट छ जस्तोकि अल्लाहको फर्मान छ :

﴿ لَهُۥ دَعْوَةُ ٱلْحَقِّ ۖ وَٱلَّذِينَ يَدْعُونَ مِن دُونِهِۦ لَا يَسْتَجِيبُونَ لَهُم بِشَىْءٍ إِلَّا كَبَـٰسِطِ كَفَّيْهِ إِلَى ٱلْمَآءِ لِيَبْلُغَ فَاهُ وَمَا هُوَ بِبَـٰلِغِهِۦ ۚ وَمَا دُعَآءُ ٱلْكَـٰفِرِينَ إِلَّا فِى ضَلَـٰلٍ ﴿١٤﴾ ﴾ الرعد: ١٤

अर्थ : उसैलाई पुकार्नु वास्तविक सत्य छ। जुन मानिस अरुलाई उसको बदलामा पुकार्छन् तिनीहरू उनीलाई केही पनि उत्तर दिदैनन्, बरु यो उस्तै छ जस्तो कुनै व्यक्ति आफ्नो दुवै हात पानीतर्फ फैलाएको छ कि उसको मुखमा परिजाओस् जबकी त्यो पानी उसको मुखमा जाँदैन। र काफिरहरूको गुहार सबै खेर जानेछ। ( सूरतुर्रअद १४ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ وَٱلَّذِينَ يَدْعُونَ مِن دُونِ ٱللَّهِ لَا يَخْلُقُونَ شَيْـًٔا وَهُمْ يُخْلَقُونَ ﴿٢٠﴾ ﴾ النحل: ٢٠

अर्थ : र जस, जसलाई यिनीहरू अल्लाह बाहेक पुकार्दछन्, तिनीहरूले कुनै पनि कुरा बनाउन सक्दैनन् बरु स्वयं उनीहरू अरुबाट बनाइएका छन्। ( सूरतुन्नहल २० )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ وَأَنَّ ٱلْمَسَـٰجِدَ لِلَّهِ فَلَا تَدْعُوا۟ مَعَ ٱللَّهِ أَحَدًا ﴿١٨﴾ ﴾ الجن: ١٨

अर्थ : र यो कि मस्जिदहरू अल्लाहकै लागि मात्र हुन्, तसर्थ अल्लाहसँग कुनै अरुलाई नपुकार। ( सूरतुल् जिन्न १८ )

त यी समस्त क्रियाकलापहरू शिर्क हुन् यसबाट बाँचनु अति जरुरी छ। र यस्तै एक हजार नमाज पढनु पनि इस्लामीय दृष्टिले सही छैन किनकि त्यसमा कुनै प्रकारको पूजा गरिदैन बरु यो इस्लामीय निर्देशनको उपहास हो, र इस्लामीय निर्देशनको उपहास गर्नेवाला काफिर भइहाल्छ यसलेगर्दा यसबाट बाँच्नु अति आवश्यक छ।

⇒ रजबको कुनै दिनलाई व्रत बस्नुको लागि विशेष गर्नु। हजरत उमरको भनाई छ कि रजबको महिनालाई अनभिज्ञ कालमा प्रतिष्ठा दिइन्थ्यो तर जब इस्लाम आयो त यसलाई निषेधित गरियो। ( मुसन्न्फ इब्ने अबी शैबा २/३४५ )

⇒ रजब महिनालाई दान गर्नुको लागि विशिष्ट गर्नु। जबकि दान कुनै समय र कुनै महिनामा पनि गर्न सकिन्छ। यसर्थ रजब महिनालाई यस कार्यको लागि विशेष गर्नुको कुनै प्रमाण नहुनुको कारण अवैधानिक छ।

⇒ रजब महिनालाई उमरहको लागि विशिष्ट गर्नु, जसलाई उमरतुर्रजबीया भनिन्छ। तर उमरा पनि जुन सुकै महिनामा गर्न सकिन्छ बरु हज्जको महिनाहरूमा उमरा गर्नु श्रेष्ठ पनि छ तर रजबलाई यस कार्यको लागि विशेष गर्नु सही छैन। ( मसाबीह अजाअत लनत्तरीक, लेखक: शैख सफवत अश्शवादनी )

⇒ यस महिनामको मध्य रात्री अर्थात १५ रजबको रात्रीमा सलातु उम्मे दाऊद अर्थात दऊदको आमाको नमाले नमाज पढनु, र मृतकहरूको आत्मालाई दान गर्नु र चिहानहरूको जियारत गर्नु वा रसूल सल्लल्लाहो अलैहे वसल्लमको चिहानको जियारत गर्नु सबै वर्जित कार्यहरू मध्येका हुन्। (सैयदुल् फवाइद नेट )

र यसको बारेमा शैख इब्ने बाज भन्नुहुन्छ: ( रजबलाई पूजा आराधना गर्नु, र रगाइब नामक नमाजको आयोजना गर्नु, र त्यसको २७ रात्रीमा समारोह र भोजको आयोजना गर्नु जसलाई इस्रा र मेअ्राजको रात्री भनिन्छ यी समस्त कुराहरू बिदअत हुन् यी समस्तलाई गर्नु जायज छैन किनकि हाम्रो विधानबाट यसमा कुनै प्रमाण छैन )। ( binbaz.org.sa)

र शैख सालेह उसैमीन यसको बारेमा भन्छन्: ( रजब महिनामा उमरा गर्नुको श्रेष्ठतामाथि मलाई कुनै स्पष्ट प्रमाण कुरआन र हदीसबाट मिलेको छैन। .... र भन्छन् कि: र यस महिनामा सलातुर्रगाइब जुनकि एक हजार रकअत पढिन्छ यस महिनाको पहिलो जुमाको रात्रीमा, यसमाथि पनि कुनै स्पष्ट प्रमाण छैन ....। र जुन यस महिनाको २७ रात्रीलाई इस्रा र मेअ्राजको रात्री मानिन्छ र त्यसमा पूजा आराधना गरिन्छ त्यो पनि प्रमाणित छैन बरु इस्रा र मेअ्राज रबीउल् अव्वलको महिनामा घटित भएको हो। तसर्थ यसमा गरिने समस्त क्रियाकलापहरू बिदअत र अवैधानिक छन्। (मिन बिदअे शहर रजब.. वत्तहजीर मिन खुतूरतुल् इब्तेदाअ्, लेखक: शैख मुहम्मद बिन सालेह उसैमीन )

र शैख सालेह फौजान भननुहुन्छ : कि यस महिनामा जति पनि पूजा आराधना र बलि एवं २७ रात्रीलाई पूजा आराधनाको लागि विशिष्ट गरिन्छ ती समस्त कार्यहरू बिदअत हुन् किनकि अल्लाहले यसको बारेमा कुनै प्रमाण कुरआन र हदीसमा अवतरित गरेको छैन। र यस महिनाको यस बाहेक कुनै श्रेष्ठता छैन कि त्यो अल्लाहको मर्यादित महिना हो जसमा रक्तपात गरिदैन। ( बिदअ् रजब लिश्शैख सालेह बिन फौजान अल् फौजान )

त यो थियो अति संक्षेपमा रजब महिनामा गरिने केही बिदअत र अवैधानिक कार्यहरूको वर्णन। अन्त्यमा म अल्लाहसित यो याचना गर्दछु कि अल्लाह हामी सबैलाई यस्ताखालका समस्त क्रियाकलापहरूबाट बाँच्ने शक्ति प्रदान गरि आफ्नो दयाको पात्र बनाउन् र हाम्रो सुकर्महरूलाई कबूल गरी आफ्नो अर्शमुनि स्थान प्रदान गरुन् । र जेजति हामीले अज्ञानताले पापहरू गरेका छौ त्यसलाई क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा परिणत गरुन्, र यो विन्ती छ कि अल्लाह हाम्रा माल सम्पत्ति र संतानमा वृद्धि गरुन्। र हाम्रा नि:संतान दाजुभाइ र दिदीबहिनीहरूलाई संतान प्रदान गरी उहाँहरूको मुटुलाई शीतल पारुन्। र हामीलाई पूर्णरूपले धर्म इस्लाममा प्रवेश हुने सुअवसर प्रदान गरुन्, र त्यसको ज्ञान प्रदान गरी त्यसै बमोजिम कार्यरत रहने शक्ति र दक्षता प्रदान गरुन्। र हामीलाई कुरआन र हदीसको अनुशरण गर्ने शक्ति प्रदान गरी स्वर्ग प्रदान गरुन्। ( आमीन )

**समाप्त**

**<u>लेखक</u>**

**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**
**तौलिहवा कपिलवस्तु (नेपाल)**
email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१४४९९१४०**
**सउदी मो. न. ००९६६५०१३७२२५४**

IslamHouse.com